# जानकी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खजुरा खुर्द, बाँके
५ नं. प्रदेश, नेपाल

प.स :०७६/७७
च.नँ.: 62

मिति :- २०७६/०४/१४

विषय :- **VERSP-MIS** मा लाभग्राहीको विवरण अध्यावधिक गर्ने सम्बन्धमा ।

श्री वडा अध्यक्ष ज्यू
श्री वडा सचिव ज्यू (१-६) सबै

प्रस्तुत विषयमा राष्ट्रिय परिचयपत्र तथा पंजीकरण विभागको च.नं. ०५' मिति २०७६/०४/०५ को प्राप्त पत्रानुसार जेष्ठ नागरिक दिर्घ सेवा सम्मान तथा सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको विवरण **VERSP-MIS** प्रणाली विवरण अपूर्ण भएको,दोहोरो परेको,नवीकरण नभएको र छुट विवरण समेतलाई २०७६ श्रावण २० गतेभित्र अध्यावधिक गर्ने भनि प्राप्त पत्रको प्रतिलिपि र लगत अध्यावधिक गर्ने फारामको नमूना यसै पत्रसाथ संलग्न राखी पठाइएको छ । प्रत्येक वडामा रहेका महिला स्वयम सेविकालाई झिकाई सो नमूना दिई विवरण भर्न सिकाइ परिचयपत्र,जन्म दर्ता,नागरिकता प्रमाणपत्रको प्रतिलिपि र २ प्रति भत्ता पाउने व्यक्तिको फोटोमा नाम ठेगाना लेखी नमुना भर्न लगाई ३(तीन) दिन भित्र खटाइ विवरण अध्यावधिक गर्नु हुन र नयाँ लाभग्राहिको समेत विवरण लिई पठाउने ब्यवस्था गर्नु हुन र वडा कार्यालयमा प्राप्त भएपछि सोही अनुसार अनलाइन विवरण भर्ने कार्य गर्न निजहरुले ०७६ अषाढसम्म प्राप्त गरेको विवरण यसै पत्रसाथ संलग्न राखी पठाइएको ब्यहोरा अनुरोध छ ।

महेन्द्रजङ्ग शाही
प्रमुख प्रशासकीय अधिकृत